मालिकार्जुन गाउँपालिका
Malikarjun Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive

शंकरपुर,दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. २०८०/८१
च.नं.

८ वटै वडा कार्यालय

मितिः २०८०।०५।०९

उद्योग व्यवसाय दर्ता नबिकरण तथा सूचिकृत सम्बन्धी सूचना ।

यस मालिकार्जुन गाउँपालिका गाउँकार्यपालिका बाट जारि गरिएको व्यवसाय दर्ता तथा नबिकरण सम्बन्धी कार्यबिधि पहिलो संशोधन २०८० अनुसार मालिकार्जुन गाउँपालिका अन्तरगतका ८ वटै वडाका उद्योगी व्यवसायीहरू ले उद्योग व्यवसाय फर्म दर्ता नबिकरण गर्न तथा अन्य निकायमा दर्ता भएका उद्योग व्यवसाय तथा फर्महरूलाई अनिवार्य सुचिकृत गर्नु पर्ने व्यवस्था गरेको व्यहोरा सरोबकारवाला सबैलाई जानकारी गरिन्छ । साथै मिति २०८० असोज मसान्त भित्र तपसिल बमोजिमका आवश्यक कागजातहरू सलग्र राखी नियमानुसार यस कार्यालयमा निबेदन पेश गर्न हुन यो सुचना प्रकाशन गरिएको छ।

**१.व्यवसाय दर्ताका लागि व्यवसायिहरूले देहायका कागजातहरु सहित अनुसूचि १ बमोजिमको ढाँचामा गाउँ कार्य पालिकाको कार्यालयमा निबेदन पेश गर्नु पर्ने छ।**

१. हालसालै खिचेको २प्रति फोटो

२. नागरिक्ताको प्रमाण प्रत्रको प्रतिलिपि

३. वडा कार्यालयको सिफारिस ।

४.व्यवसाय संचालन हुने जग्गाको जग्गाधनी प्रमाण पत्र र लालपुर्जाको प्रतिलिपि ।

५. अर्काको नाममा जग्गाभए व्यवसाय संचालन गर्न दिने जग्गाधनीको मन्जुरी नामा ।

६ .उद्योगको हकमा संघियारको मन्जुरीनामा ।

**२ उद्योग व्यवसाय तथा फर्म हरू सूचिकृत गर्नको लागि तपसशिल बमोजिमका कागज प्रत्र हरू निबेदनका साथ पेश गर्नु पर्ने छ।**

१. हालसालै खिचेको २प्रति फोटो
२. नागरिक्ताको प्रमाण पत्रको प्रतिलिपि
३. अन्य निकायमा दर्ता गरेको दर्ता प्रमाण प्रत्रको प्रतिलिपि
४. कर चुक्ता प्रमाण पत्रको प्रतिलिि।

नर बहादुर ठगुन्ना
प्रमुख प्रशासकीय अधिकृत

Website:-www.malikarjunmun.gov.np
Facebook: facebook.com/mrmdarchula
Email:-mrmdarchula@gmail.com/
Contact:९८५८७८४५१२, ९८५८७८४५१३

शिक्षा, स्वास्थ्य र पूर्वाधारः समृद्ध मालिकार्जुनको आधार

मालिकार्जुन गाउँपालिका
Malikarjun Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive

शंकरपुर,दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. २०८०/८१
च.नं.

र व्यापारी कार्यालय

साथै बजार अनुगमन तथा व्यवस्थापन कार्यबिधि २०८० अनुसार बजार अनुगमन समिति बाट अनुगमन गरिने छ। बजार अनुगमनको क्रममा देहायको अवस्था भेटिन गएमा तपशिल वमोजिमको तुरुन्त जरिवाना गरिने छ।

तपशिल

| बिवरण | जरीवाना |
|---|---|
| क. तोकेको समयमा व्यवसाय दर्ता नबिकरण तथा सूचिकृत नगरेमा | २५००। |
| ख. मुल्य सूचि नराखेमा | ५००।- |
| ग. प्रमाण पत्र नराखेमा | ५००।- |
| घ. गुणस्तरहीन सामग्रीहरु बेचबिखन गरेमा। | ५०००।- |
| ङ. म्याद नाघेका सामा ग्रीहरू बेचेबिखन गरेमा। | ५०००। |
| च. बजार मूल्य भन्दा चर्को मूल्यमा सामग्रीहरू बेचबिखन गरेमा। | ५०००। |
| छ. प्रदुषित फोहोर सामग्रीहरू बेचबिखन गरेमा। | २०००। |

पुनश्चः थप जानकारिको लागि उद्योग बिकास शाखामा सम्पर्क राख्न सकिने छ।

जगदिश चन्द्र अवस्थी
उद्यम बिकास संयोजक

..............................
नर बहादुर ठगुन्ना
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत